# “स्थानिय निकायको कानूनी तथा नीतिगत व्यवस्था पालना अनुगमन”

## कार्यक्रम २०७२/०७३

# प्रगति प्रतिवेदन

**प्रतिवेदन पेश गर्ने :**

स्थानिय शासन उत्तरदायी संयन्त्र **(LGAF)**

पुलचोक,ललितपुर

**प्रतिवेदक:**
जनहित असल शासन क्लव
धनकुटा

ज.प्र.का.ध. द.नं. ४०४/०६४-६५

स.क.परिषद् आबद्धता नं. २४४८८

# जनहित असल शासन क्लब

कुरुले तेनुपा-५, धनकुटा

स्था:-२०५७

च.नं.: ४६

प.सं. ०७२-७३ मिति :- १४ फागुन २०७२

श्रीमान् प्रमुखज्यु

स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालय,

श्रीमहल, पुल्चोक, ललितपुर ।

**विषय : प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार संघीय मामिला तथा स्थानिय बिकास मन्त्रालय स्थानिय शासन उत्तरदायी संयन्त्रको सहयोगमा यस संस्थाद्वरा धनकुटा जिल्लामा स्थानीय निकायहरुको जवाफदेहिता प्रवर्द्धनसम्बन्धी सञ्चालन गरिरहेको कार्यक्रमहरुको प्रगति प्रतिवेदनहरु पेश गरिएको ब्यहोरा अनुरोध छ ।

... ... ... ... ...

हुकुमप्रसाद दाहाल

कार्यक्रम संयोजक

फोन नं. : ०२६-५२०७४०/९८५२०५००७२

इमेल : janahitggc@gmail.com

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालय

पुल्चोक, ललितपुर

**जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटाले तयार पारेको**

# प्रगति प्रतिवेदन–२०७२

## खण्ड एक (१) सामान्य विवरण

| | | |
|---|---|---|
| | सिएसओको नाम : | जनहित असल शासन क्लब |
| | ठेगाना : | कुरुले तेनुपा ५ , धनकुटा |
| | ईमेल : | janahitggc@gmail.com |
| | फोन नं. | ०२६–५२०७४० |
| | **कार्यक्षेत्र :**<br>**गाविसहरु : चानुवा, डाँडागाउँ, मारेककटहरे, लेगुवा, परेवादिन, हात्तिखर्क, ताँखुवा ,तेलीया, छिन्ताङ्ग, आँखिसल्ला, खोकु , चुङ्गमाङ्ग, बुढीमोरङ्ग, आहाले, महाभारत, कुरुले तेनुपा, मुढेबास, बसन्तटार, राजारानी, मौनाबुधुक, बोधे**<br><br>**जिल्ला बिकास समिति, धनकुटा** | |
| | प्रतिवेदनको अवधिः | २०७२ श्रावण देखि २०७२ पौष मसान्त सम्म |
| | प्रतिवेदनको मिति : | २०७२ फागुन १४ गते |

## खण्ड दुई (२)
## पृष्ठभूमि/परिचय

## २. संस्थाको परिचय(Introduction) :

जनहित असल शासन क्लब, कुरुले तेनुपा, धनकुटा विगत १५ वर्षदेखि धनकुटा जिल्लामा असल शासनको क्षेत्रमा क्रियाशील जिल्लास्तरीय गैर सरकारी संस्था हो । यो संस्था मिति २०५७ सालमा स्वीस विकास सहयोग नियोगको सहयोगमा सञ्चालित असल शासन परियोजना अन्तरगत असल शासन रेडियो श्रोता क्लबको रुपमा कुरुले तेनुपा गाविसमा गठन भई मिति २०६४ सालमा जिल्ला प्रशासन कार्यालय, धनकुटामा दर्ता र समाज कल्याण परिषद्, काठमाडौमा आबद्ध भई हालसम्म क्रियाशील रहँदै आएको छ ।

यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सुशासन, मानव अधिकार, सामाजिक परिचालन, शान्ति निर्माण प्रक्रिया, अधिकारमा आधारित वकालत, अनुसन्धानमुलक अभियान, लैङ्गिक समता विकास जस्ता क्षेत्रहरुमा कार्य गर्दै आएको छ । सामाजिक जवाफदेहिता वहन गर्न गराउनका लागि सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण, सार्वजनिक खर्च पछ्याउने सर्वेक्षण, नागरीक प्रतिवेदन पत्र सर्वेक्षण, हेल्प डेक्स, गुनासो चौतारी जस्ता औजारहरुको व्यवहारिक प्रयोग गर्दै आएको छ । सस्थाले सचेतना कार्यक्रम, क्षमता अभिवृद्धि तालिम, गाऊँ, इलाका, जिल्लास्तरीय गोष्ठी, अन्तरक्रिया, पर्चा पम्प्लेट नागरीक वडापत्र प्रकाशन तथा वितरण, रेडियो कार्यक्रम उत्पादन प्रशारण, बुलेटीन प्रकाशन जस्ता कार्यहरु समेत गर्दै आईरहेको छ । यस संस्थाले पहिलो पटक धनकुटा जिल्लामा सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरुसम्म विषयक सार्बजनिक बहसको आयोजना गरी २०६० सालमा सार्बजनिक सुनुवाईको संस्थागत सुरुवात गरेको पाइन्छ । यस संस्थाले सार्बजनिक सेवा प्रवाहमा जनताको पहुँच अभिवृद्धिको लागि नागरीक समाजको तर्फबाट नागरिकहरुलाई सचेत गराउने तथा सार्वजनिक सरोकारका विषयहरुमा नागरिक निगरानिलाई प्रभावकारी बनाउनका लागि भुमिका निर्वाह गर्दै आएको छ ।

### परिकल्पना(Vision) :

सबै तहका नागरीकहरु तथा नागरीक समाज संस्थाहरु असल शासन, सामाजिक जवाफदेहिता, मानव अधिकार, शान्ति, न्यायका लागि जानकार, सशक्त र सचेत भएका हुनेछन् ।

### ध्येय(Mission) :

सबै तहको निर्णय प्रक्रियामा सिमान्तकृत वर्ग, समुह, समुदायहरुको सहभागिता, नागरीक संलग्नता, पारदर्शीता, सामाजिक समावेशीकरण, समावेशी लोकतन्त्र, मानव अधिकार, शान्ति निर्माण, असल शासन र सामाजिक जवाफदेहिता प्रवर्द्धन भएको हुनेछ ।

### लक्ष्य(Goal) :

पिछडिएको तथा वञ्चितिकरणमा परेको समुदायलाई सार्वजनिक सेवा, वस्तु, साधन स्रोतहरुमा समतामुलक पहुँच तथा निर्णय प्रक्रियामा अर्थपुर्ण सहभागिता र सार्वजनिक सेवा प्रवाहको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन प्रक्रियामा केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय तहसम्म सक्रिय सहभागीताको लागि सुसुचित, शिक्षित र सशक्तिकरण गर्नु ।

### उद्धेश्य(Objectives) :

- स्थानीय स्तरमा क्रियाशील नागरीक समाज संस्थाहरुको प्राविधिक, संस्थागत, आर्थिक, वकालतीय क्षमता विकासमा सहयोग गर्नु,
- अन्तर्राष्टिय तथा राष्टिय गैरसरकारी संस्थाहरुसंगको सहकार्यमा नागरीक समाज संस्थाहरुको दीगो विकासका लागि संघसंस्थाहरुभित्र पारदर्शीता र सामाजिक जवाफदेहिताको सुनिश्चितता गर्नु
- सरकारी निकायहरु, गैससंहरुसंगको सहयोग, समन्वय, सहकार्यमा स्वास्थ्य, शिक्षा, सञ्चार लगायत सम्पुर्ण ऐन, नियम, कानुनहरुको कार्यान्वयनको लागि सचेतना अभियान सञ्चालन गरी कानुन कार्यान्वयनका लागि समन्वयकारी भुमिका निर्वाह गर्नु,
- प्रकाशन, प्रशारणका लागि सञ्चार माध्यमको प्रयोग, वकालतीय अभियान, सञ्जाल निर्माण, संघ महासंघ गठन, सार्वजनिक सुनुवाई जस्ता माध्यमहरुको प्रयोग गरी मानव अधिकार, शान्ति र सुशासनको प्रबर्द्धन गर्नु,
- सार्बजनिक सरोकारको विषयमा सामाजिक परिचालन, अनुसन्धानमुलक कार्यहरु सञ्चालन गर्नु,

## २.१ संस्थाको कार्यक्षेत्र

**क. जिल्ला बिकास समिति, धनकुटा**

**ख.नगरपालिकाहरु :...........**

**ग. गा. वि. स. हरु**
**कार्यक्षेत्र :**

**१) चानुवा**
**२) डाँडागाउँ**
**३) मारेककटहरे**
**४) लेगुवा**
**५) परेवादिन**
**६) हात्तिखर्क**
**७) ताँखुवा**
**८)तेलीया**
**९) छिन्ताङ्ग**
**१०)आँखिसल्ला**
**११) खोकु**
**१२ चुङ्गमाङ्ग**
**१३) बुढीमोरङ्ग**
**१४)आहाले**
**१५) महाभारत**
**१६) कुरुले तेनुपा**
**१७) मुढेबास**
**१८) बसन्तटार**
**१९) राजारानी**
**२०)मौनाबुधुक**
**२१) बोधे**

## २.२ लक्षित स्थानीय निकायहरु कार्यक्षेत्रका लागि छनौट गरिनुको औचित्य :

- जिल्ला बिकास समिति संगको समन्वयमा कार्यक्षेत्रहरु छनौट तथा सफिारिस गरिएको ।
- आ.व. २०७१/०७२ मा कार्यक्रम सञ्चालन भएका बाहेक सबै गाविसहरु समेटिएको
- यस अघि परियोजना सञ्चालन नगरिएका गाविसहरु समेटिएको ।
- एल.जी.ए.एफले तोकेको प्रावधान अनुरुप गा.बि.सहरु समेटिएको ।

## खण्ड तीन (३)

## उद्देश्यहरु

### ३. एल.जि.ए.एफको समग्र उद्देश्यः

स्थानीय निकायबाट प्रदान गरिने सेवा, स्थानीय शासन प्रकृया एवम् विकास निर्माण कार्यलाई पारदर्शी, समावेशी, गुणस्तरीय, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन गैर सरकारी संस्था तथा नागरिक समुदाय मार्फत नागरिक, समुदाय र पिछडिएका वर्गको क्षमता अभिवृद्धि गरी स्थानीय शासनलाई जनताप्रति जिम्मेवार र उत्तरदायी बनाउने एल.जी.ए.एफ.को उद्देश्य रहेको छ ।

**३.१ स्थानीय निकायहरुमा कानूनी र नीतिगत व्यवस्थाको पालना अनुगमनको उद्देश्य** :

- स्थानिय निकायहरुलाई जनताप्रति जवाफदेही बनाउनु ।
- नागरिकहरुको सहभागितामा बृद्धिगरि नागरिक निगरानी बढाउनु ।
- स्थानीय निकायहरुको काम कारवाही तथा सेवा प्रवाहलाई प्रभावकारी रुपमा कार्यान्वयन  गर्न सहजीकरण गर्नु ।
- स्थानीय निकायमा प्राप्त स्रोतलाई प्रभावकारीरुपमा व्यवस्थापन तथा कार्यान्वयन गर्नु ।
- स्थानीय निकायहरुमा हुने गतिविधिहरुमा नागरिकहरुको ज्ञान तथा क्षमतामा बृद्दि गर्नु

**३.२ विशिष्टीकृत उद्देश्यहरु** :

- स्थानीय निकायहरुमा हुने गतिविधिहरुमा नागरिकहरुको ज्ञान तथा क्षमतामा बृद्दि गर्नु ।
- वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई क्षमता अभिबृद्धि गरि नागरिक निगरानी गर्ने तथा सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई जस्ता औजारहरुको प्रयोगमा सक्षम वनाउने ।
- स्थानीय निकायको योजना तर्जुमा प्रकृया, बजेट व्यवस्थापना तथा बिनियोजन र अनुगमन तथा सुपरिवेक्षणको कानुनी तथा नीतिगत  व्यवस्था पालनाको अनुगमन तथा प्रतिवेदन गर्ने ।
- कानुनी तथा नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्आ मापन तथा प्रकृया पृष्ठपोषण प्रदान गर्ने
- सामाजीक परिचालकहरुकको क्षमता अभिबृद्दि गर्ने ।

# खण्ड चार (४)
# प्रक्रिया र विधिहरु

## ४. प्रतिवेदन तयार गर्न अवलम्बन गरिएका प्रक्रिया र विधिहरु :

- स्थानिय निकायको कानूनी तथा नीतिगत व्यवस्था पालना अनुगमनबाट प्राप्त नतिजाको बिष्लेषण ।
- अध्ययन, अवलोकन, छलफल ।
- आधारभूत सर्वेक्षणबाट प्राप्त नतिजा तालिकीकरण तथा प्रतिवेदन तयार ।
- संबन्धित कार्यक्षेत्रका स्थानीय निकाय र सरोकारवालाहरुसँगको प्रत्यक्ष संवाद, भेटघाट, अन्तरक्रिया,अभिमुखिकरण कार्यक्रम क्षमता अभिबृद्व तालिम तथा छलफल ।
- स्रेस्ताहरुको अध्ययन :ऐन नियम कानुन तथा निर्देशिका  र कार्यबिधिहरुको अध्ययन ।

## खण्ड पाँच (५)

## गुणात्मक सूचकहरु

### ५. सूचकहरु (आधारभूत सर्भेक्षण र लक्षित) गुणात्मक

| क्र. सं. | सूचकहरु | कार्य शुरु गर्दाको अवस्था | लक्ष्य (संस्थाले स्थानीय संग समेत समन्वयगरी तयगरेको) | उपलब्धी /प्राप्ती/ कार्यप्रगति |
|---|---|---|---|---|
| १ | स्थानीय निकायहरुको कार्यहरुबारे नागरिकहरुको जानकारीमा बृद्धि भएको | स्थानीय निकायहरुको कार्यहरु सेवा प्रवाह, कार्यालयमा राखिएको नागरिक वडापत्र, तथा जवाफदेहिताका औजारहरु, योजना तर्जुमा प्रकृया सम्वन्धि नागरिकहरुमा कमै मात्र जानकारी भएको | स्थानिय निकायहरुको कार्यहरु र सेवाप्रबाहबारे नागरिकहरुमा जानकारी गराउने । नागरिक अधिकार र दायत्वि,जवाफदेहिताका औजारहरु सम्वन्धि क्षमता अभिबृद्धि तालिम दिने जसमा औजारहरु प्रयोगलाई प्रभावकारी कार्यान्वयनमा जोड दिने । | अभिमुखीकरण कार्यक्रम तथा तालिम पश्चात स्थानीय निकायको कार्यहरुवारे नागरिकहरुले चासो गरि नागरिक निगरानी बढाएको र कार्यक्रममा समेत सहभागिहुन शुरुवात भएको । स्थानिय निकाय, नागरिक, राजनितीक दल,वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र सँग समन्वय भई सम्वन्ध स्थापित भएको । |
| २ | समावेशी र सहभागितामूलक योजना तर्जुमा प्रकृया | सहभागितामूलक योजना तर्जुमा प्रकृयामा नागरिक चासो कम देखिएको | योजना तर्जुमा प्रकृयामा जनसहभागिता बृद्धिका लागि वडा नागरिक मञ्च। नागरिक सचेतना केन्द्रका सदस्यहरुको सलग्नतामा जोड | योजना तर्जुमा प्रकृयामा नागरिक नसहभागिता बृद्धि भएको |
| ३ | बनाम, ना.स.के. र स्थानीय निकायहरुले उत्तरदायित्व अभिबृद्धिका संयन्त्रहरु ( सार्वजनिक परीक्षण, सुनुवाई, सामाजिक परीक्षण, नागरिक बडापत्र, सार्वजनिक सूचना पाटी, गुनासो सुनुवाई) को अभ्यास गर्ने गरेका | बनाम, नासके र स्थानीय निकायहरुले उत्तरदायित्वअभिबृद्धिका संयन्त्रहरुको अभ्यास कमै मात्र गर्ने गरेको | बनाम, नासके र स्थानीय निकायहरुले उत्तरदायित्व अभिबृद्धिका संयन्त्रहरु सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक बडापत्र, सार्वजनिक सूचना पाटी, गुनासो सुनुवाई आदिको अभ्यास व्यवहारिक रुपमा लागू गराउने । | बनाम, नासके र स्थानीय निकायहरुले उत्तरदायित्व अभिबृद्धिका संयन्त्रहरु सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, आदिको अभ्यास व्यवहारिक रुपमा प्रयोग गर्न अग्रसरता देखाएको । |
| ४ | स्थानीय निकायहरुमा कानुनी र नीतिगत व्यवस्था परिपालना अनुगमन पश्चात उनीहरुको सेवा प्रवाह र प्रदत्त सेवाको गुणस्तरमा सुधार आएको | स्थानीय निकायहरुमा कानुनी र नीतिगत व्यवस्था अनुसार परिपालनागर्न ब्यबाहारिक कठिनाई रहेको | स्थानीय निकायहरुमा कानुनी र नीतिगत व्यवस्था परिपालना गरि सेवा प्रवाह र प्रदत्त सेवाको गुणस्तरमा सुधार गर्न सहजिकरणको भूमिका गरेको । | स्थानिय निकायहरुमा कानुनी र नीतिगत व्यवस्था परिपालना अनुगमन पश्चात सेवा प्रवाह र प्रदत्त सेवाको गुणस्तरमा सुधार गर्ने प्रतिबद्धताहरु आएको |
| ५ | अरु स्थानीय निकायहरुमा समेत परिपालना अनुगमनबाट भएको सुधारको सकारात्मक प्रभाव विस्तार भएको | अन्य स्थानीय निकायहरुमा परिपालना अनुगमन कार्यहरु नियमित भईरहेको | सबै स्थानीय निकायहरुमा परिपालना अनुगमनका कार्यहरु नियमित भईरहेको | नीतिगत ब्यवस्था पालनाको शुरुवात तथा सबै कार्यालयमा सकारात्मक प्रभाव विस्तार भएको |

## खण्ड छ (६)

**६) अनुशीक्षण, क्षमता अभिबृद्धि, रेडियो कार्यक्रम, पत्रिका प्रकाशन, समन्वय, नागरिक शिक्षा, सिकाई आदान प्रदान कार्यक्रमको प्रगति :**

| सम्पन्न गरिएका क्रियाकलापहरु | सम्पन्न मिति | सहभागी | | हासिल भएका मुख्य उपलब्धीहरु | पुष्ट्याइका आधारहरु |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| १. संस्थाका कर्मचारी तथा कार्यसमितिका पदाधिकारीलाई अभिमुखीकरण कार्यक्रम | २०७२ असोज २६ | ३ | ७ | कार्यसमितिका पदाधिकारीहरुलाई कार्यक्रम, कार्यक्रमको सम्झौता ,कार्यक्रम अवधि,कार्यक्रमको वजेट तथा क्षेत्र सम्वन्धि जानकारी भएको र कार्य समिति बाट कार्यक्रम लाई सफल बनाउन आवश्यक सहयोग प्रप्त हुने कुरा जानकारी भएको । | बैठकको उपस्थिती<br>कार्यक्रमको फोटोहरु |
| २.स्थानिय निकायहरुमा आधारभुत सर्वेक्षण सञ्चालन | २०७२ श्रावण | २२ वटा स्थानिय निकाय | | आधारभुत सर्भेक्षण बाट स्थानिय निकायहरुले अपनाएको नीतिगत ब्यवस्था पालना सम्वन्धि तथ्यगत जानकारी प्राप्त भएको | कार्यक्रमको फोटोहरु |
| ३.संस्थाका कर्मचारी लाई क्षमता अभिबृद्धि तालिम, बिराटनगर सहभागि | २०७२ मंशिर २१ देखि २५ गते बिराटनगर | ...... | ४ | क्षमता अभिबृद्धि सम्बन्धि तालिम कर्मचारीहरु लाई प्राप्त भई पुर्नताजकि भएको ।<br>जवाफदेहिता औजार प्रयोग तथा सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई जस्ता बिधिहरुको अभ्यास गरिएको । | कार्यक्रमको फोटोहरु |
| ४.स्थानीय निकाय, संघ संस्था तथा संचार माध्यमहरुसंग समन्वय | २०७२ श्रावण, भाद्र, असोज | | | स्थानिय निकायहरु, संघ संस्था, संचारक्षेत्र र त्यसका प्रतिनिधीहरुसंग समन्वय, परिचय , कार्यक्रमवारे जानकारी आदान प्रदान भएको ।<br>जिल्ला शासन बिज्ञसंग छलफल तथा समन्वय, कार्यक्रमबारे जानकारी आदानप्रदान भई कार्ययोजना बनाउन सहयोग पुगेको। | भेटघाट,फोटो<br>रेडियोहरुसंगको सम्झौता तथा कार्यक्रमको रेकर्डहरु |
| ५.रेडियो कार्यक्रम | २०७२ कार्तिक १, ८, १५, २२, २९,<br>२०७२ मंशिर ६, १३, २०, २७,<br>२०७२ पौष ५, १२, | | | कार्यक्रमले नागरिकहरुलाई सुशुचित गराएको ।<br>वनाम,नासकेहरुका आवाज,अनुभव प्रसारणले उनिहरुलाई काम गर्न, नागरिक निगरानी बढाउन हौसला मिलेको ।<br>जवाफदेहिता अभिबृद्धिका लागि स्थानिय निकायहरु लाई थप सहयोग पुगेको ।<br>कार्यक्रमप्रति सकारात्मक बिचारहरु प्राप्त भएको ।<br>स्थानिय निकायहरुवाट कार्यक्रमको सफलता को लागि | रेडियो कार्यक्रमको रेर्कडहरु संलग्न |

| सम्पन्न गरिएका क्रियाकलापहरु | सम्पन्न मिति | सहभागी | | हासिल भएका मुख्य उपलब्धीहरु | पुष्ट्याइका आधारहरु |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| | १९, २६ | | | शुभकामना प्राप्त भएको । नागरिकहरुमा सामाजिक जवाफदेहिताका औजार र यसको प्रयोगबारे जानकारी भएको । | |
| ६.अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक १ गते<br><br>जिल्ला बिकास समिति, धनकुटा | ५ | २१ | स्थानिय निकाय संग राम्रो समन्वय स्थापित भएको । जसले गर्दा अनुगमन कार्यमा सजिलो भएको ।<br><br>स्थानिय निकाय तथा अन्य सरोकारवालाहरुलाई संस्थाले सञ्चालन गर्ने कार्यक्रम बारे जानकारी भई संस्थालाई प्रशस्त सुझावहरु प्राप्त भएको ।<br><br>नगरिक, स्थानिय संघ संस्था,कार्यालय, राजनितीक दल,संचारकर्मीहरु तथा जिल्ला स्थित बिभिन्न समन्वय समितिहरुसंग राम्रो समन्वय भएको । | कार्यक्रमको उपस्थिति पुस्तिका<br><br>फोटोहरु |
| ७. अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक १५ कुरुले तेनुपा गाविस | १८ | २१ | स्थानिय निकाय संग राम्रो समन्वय भएको<br>नागरिकहरुको जनचेतनामा बृद्धि भएको ।<br>सामाजीक परिचालक, वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र , राजनीतिक दल, बिभिन्न संजाल तथा समितिहरुसंग समन्वय भएको । | कार्यक्रमको उपस्थिति पुस्तिका<br><br>फोटोहरु |
| ८. अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक १६ मुढेवास गाविस | ७ | २६ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| ९. अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक १७ बसन्तटार गाविस | ६ | १६ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| १०. अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक १७ छिन्ताङ्ग गाविस | १६ | १४ | | फोटोहरु कार्यक्रमको उपस्थिति |
| ११. अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक १७ परेवादिन गाविस | ८ | २२ | | फोटोहरु कार्यक्रमको उपस्थिति |

| सम्पन्न गरिएका क्रियाकलापहरु | सम्पन्न मिति | सहभागी | | हासिल भएका मुख्य उपलब्धीहरु | पुष्ट्याइका आधारहरु |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| १२. अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक १८ राजारानी गाविस | ११ | १३ | | फोटोहरु कार्यकमको उपस्थिति |
| १३. अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक १८ आँखिसल्ला गाविस | १२ | १७ | | फोटोहरु कार्यकमको उपस्थिति |
| १४.अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक १८ हात्तिखर्क गाविस | १९ | १४ | | फोटोहरु कार्यकमको उपस्थिति |
| १५. अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक १९ बोधे गाविस | १६ | ११ | | फोटोहरु कार्यकमको उपस्थिति |
| १६. अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक १९ खोकु गाविस | ७ | २३ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| १७. अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक२० मौनाबुधुक गाविस | १० | २४ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| १८. अभिमुखीकरण कार्यक्रम | २०७२ कार्तिक २० चुमवाङ्ग गाविस | १२ | २२ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| १९. अभिमुखीकरण कार्यक्रम | २०७२ मंशिर ७ लेगुवा गाविस | १३ | १६ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| २०. अभिमुखीकरण कार्यक्रम | २०७२ मंशिर ७ चानुवा गाविस | ७ | ११ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| २१. अभिमुखीकरण कार्यक्रम | २०७२ मंशिर ८ मारेककटहरे गाविस | १४ | १० | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| २२. अभिमुखीकरण कार्यक्रम | २०७२ मंशिर ८ डाँडागाउँ गाविस | १५ | १० | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| २३.अभिमुखीकरण कार्यक्रम | २०७२ मंशिर १४ तेलीया गाविस | १२ | ३० | | कार्यक्रमको उपस्थिति फोटोहरु |

| **सम्पन्न गरिएका क्रियाकलापहरु** | **सम्पन्न मिति** | **सहभागी** | | **हासिल भएका मुख्य उपलब्धीहरु** | **पुष्ट्याइका आधारहरु** |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| २४. अभिमुखीकरण कार्यक्रम | २०७२ मंशिर १५ ताँखुवा गाविस | १५ | १७ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| २५. अभिमुखीकरण कार्यक्रम | २०७२ मंशिर १७ आहाले गाविस | १३ | २२ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| २६. अभिमुखीकरण कार्यक्रम | २०७२ मंशिर १८ बुढीमोरङ्ग गाविस | १६ | ३० | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| २७. अभिमुखीकरण कार्यक्रम | २०७२ मंशिर १९ माहाभारत गाविस | २४ | १९ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| **२८. क्षमता अभिबृद्धि तालिम** | २०७२ मंशिर २० लेगुवा गाविस | ९ | २३ | क्षमता अभिबृद्धि तालिमले गाविस कर्मचारी, वडानागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सामाजिक परिचालक हरुमा जवाफदेहिताका औजरहरु र यसको प्रयोग सम्वन्धि ज्ञान प्राप्त भएको। स्थानिय निकायबाट समेत जावाफदेहिताका औजारको प्रयोग लाई प्रभावकारी बनाउने प्रतिबद्वता। | कार्यक्रमको उपस्थिति फोटोहरु |
| **२९. क्षमता अभिबृद्धि तालिम** | २०७२ मंशिर २६ बोधे गाविस | ९ | ३२ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| **३०. क्षमता अभिबृद्धि तालिम** | २०७२ मंशिर २७ मौनाबुधुक गाविस | १८ | ३१ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| **३१. क्षमता अभिबृद्धि तालिम** | २०७२ मशिर २९ हात्तिखर्क गाविस | २७ | २५ | | कार्यक्रमको उपस्थिति फोटोहरु |
| **३२. सार्वजनिक सुनुवाई सहजिकरण कार्यक्रम** | असोज ३ गते मूर्तिढुङ्गा गाविस | | | नागरिकहरुले गाविस समक्ष प्रश्न तथा गुनासाहरु राखि त्यसको सुनुवाई भएको। सहभागिका सुझावहरुलाई सम्बोधन गरि सार्वजनिक प्रतिबद्धता समेत ब्यक्त गरिएको। | कार्यक्रमको उपस्थिति फोटोहरु |
| **३३. बुलेटिन प्रकाशन १००० प्रति** | २०७२ पौष | | | परियोजना अवधिभर सञ्चालित सम्पन्न गरिएका गतिबिधिहरु तथा कार्यक्रमको बारेमा जानकारी गराईएको। | कार्यक्रमको उपस्थिति फोटोहरु |

**खण्ड सात (७)**

**७) (क) मुख्य मुख्य उपलब्धीहरु (वर्णनात्मक रुपमा, संक्षिप्त)**

१. स्थानीय निकायहरुवाट कार्यक्रम सम्पन्न गर्न समन्वय तथा सहयोग प्राप्त भएको ।

२ संस्थाले सञ्चालन गरेको स्थानिय निकायको कानूनी तथा नीतिगत ब्यवस्था पालना अनुगमनले स्थानिय निकायहरुलाई थप जिम्मेवार बनाएको ।

३. स्थानीय निकायहरुमा जवाफदेहिताका औजारहरु सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण जस्ता बिधिहरुको प्रयोग बढेको ।

४ वडानागरिक मञ्च, नागरिक सचेतना केन्द्रका सदस्यहरुले नागरिक निगरानीको शुरुवात गरेको ।

५. स्थानिय निकायहरुमा जवाफदेहिताका औजारहरु प्रयोगगर्न शुरुवात गरिएको ।

६. स्थानिय निकायहरुमा सुशासन प्रर्वद्वनमा सहयोग पुगेको ।

७. स्थानिय निकायहरु र जिल्ला शासन बिज्ञसंग राम्रो समन्वय भई पृष्ठपोषण प्राप्त भएको ।

८. जवाफदेहिताका औजारहरु सम्वन्धि क्षमता अभिबृद्धि तालिमले गाविस कर्मचारी, वडानागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सामाजिक परिचालक हरुमा जवाफदेहिताका औजरहरु र यसको प्रयोग सम्वन्धि ज्ञान प्रप्त भएको र यसलाई प्रयोगमा ल्याउने प्रतिबद्वता समेत भएको ।

९. स्थानिय निकायले समेत जावाफदेहिताका औजारको प्रयोग लाई प्रभावकारी बनाउने प्रतिबद्वता प्राप्त भएको ।

१०. नागरिकहरुमाझ कार्यक्रम पछि परियोजनावारे बिस्तृत जानकारी प्राप्त भएको र यसले उनीहरुमा अधिकार र दायित्ववोध श्रृजना गरेको ।

११. सुशासन दर्पण रेडियो कार्यक्रमले नागरिकमा जनचेतना बृद्दि भएको । जसमा नागरिक अधिकार र दायित्व समेतको बारेमा नागरिकहरुलाई बोध भएको ।

१२. कार्यक्षेत्रका राजनीतिक दल, गैर सरकारी संघ संस्थाहरुसंग समन्वयमा सकारात्मक, सुझाव तथा प्रतिक्रिया प्राप्त भएको जस्ले गर्दा कार्य आगामि दिनमा सम्पन्न हुने कार्यक्रमहरुमा समेत सहयोग पुग्ने बिश्वास ।

१३. वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, सुपरिवेक्षण तथा अनुगमन समिति, बिभिन्न सन्जाल, सामाजीक परिचालकहरुसंग सम्पर्क तथा समन्वय स्थापित भएको ।

१४. सिकाई आदान प्रदान बाट वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, सुपरिवेक्षण तथा अनुगमन समिति, बिभिन्न सन्जाल, सामाजीक परिचालक तथा स्थानिय निकाय हरुले गरेका कार्यानुभव सम्वन्धि जानकारी आदान प्रदान तथा सिकाई भएको ।

**ख) चुनौतिहरु**

१. ठूलो भौगोलिक क्षेत्र, भौगोलिक बिकटता र यातायातको अभाव, धेरै स्थानिय निकाय समेटिएकोले कार्यक्रम सञ्चालन र अनुगमनमा समय खर्च बढी लाग्ने ।

२. गाविसहरु नगरपालिका बन्नेक्रम रहेको साथै ठूलो भौगोलिक क्षेत्र लगायतका कारणले कार्यक्रम सञ्चालन र अनुगमनमा समस्या ।

३. स्थानीय निकायहरुको कार्य बोझ, कार्यब्यस्तताका कारण  संस्थाको कार्ययोजना अनुशार समय उपलब्ध गराउन नसकेकोले चुनौती रहेको  ।

५. वजेट व्यवस्थापनमा समस्या भएकोले कार्यक्रमहरु समयमै सम्पन्नगर्न चुनौती भएको ।

६. कार्यक्रमको भौगोलिक क्षेत्र, स्वरुप र प्रकृति अनुसार ब्यबाहारिक रुपमा बजेट बिनियोजन नभएकोले कार्यक्रम सञ्चालनमा समस्या भएको ।

**ग) सिकाइहरु**

१. स्थानिय निकायहरुसंगको  समन्वयले कार्यक्रम सञ्चालनमा सहजता आएको ।

२. स्थानीय निकाय सम्बन्धि ऐन, नियम, कानुन र निर्देशिकाको बारेमा ज्ञान तथा सिकाई भएको ।

३. सेवा प्रदायक र सेवाग्राहीवीच सेवा लिने दिने बिषयमा देखिएको अन्तर लाई कमगर्न यि दुबै पक्ष बिच सहजीकरण गरिएको ।

४. स्थानिय निकायहरुमा नागरिक सहभागिताको अवस्थाका  बारेमा जानकारी भएको  ।

५. स्थानिय निकायहरुमा जवाफदेहिताका औजारको प्रयोगको अवस्था बारे जानकारी भई त्यसको प्रयोगलाई बढाउन सहजिकरण गरिएको ।

६. नागरिकहरुले स्थानिय निकायहरुप्रति बहन गर्नुपर्ने दायित्वमा चुकिरहेको र त्यसलाई तल्लो स्तरवाटै जनचेतना अभिबृद्धि गर्नुपर्ने सिकाई भएको ।

७. स्थानिय निकायहरुलाई खवरदारी हैन सहजिकरणका माध्यमबाट सेवा प्रवाहमा सहजता तथा सुशासन प्रर्बद्धनमा सहयोग पुग्ने ।

**घ) प्रभावहरुविश्लेषण, निश्कर्ष र सुझावहरु**

**१) प्रभाव विश्लेषण :**

यस LGAF  कार्यक्रमले स्थानीय निकायहरुमा सकारात्मक प्रभावहरु देखिएका छन् । वडा नागरीक मञ्च, नागरीक सचेतना केन्द्रका सदस्यहरु स्थानीय निकायसंग सम्बन्धित कानुनी तथा नीतिगत व्यवस्था एवं प्राबधानहरुबारे जानकार भएका छन् साथै अभिमूखिकरण तथा क्षमता अभिबृद्धि तालिम पश्चात वडा नागरीक मञ्च, नागरीक सचेतना केन्द्रका सदस्यहरु जवफदेहिताका औजार प्रयोगमा ल्याउने र स्वतन्त्र रुपमा स्थानीय निकायका काम कारवाहीमा सहभागीता जनाउँदै अनुगमन एवं निगरानीका लागि सुसुचित भएका छन् । स्थानिय निकायहरुले समेत जवाफदेहिताका औजारहरु जस्तै : सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण आदिको प्रयोगको शुरुवात गरेका छन । स्थानिय निकायहरुले नागरिक वडापत्र, सुचना पाटी, गुनासो पेटिकाको ब्यवस्थापन गरि यसको प्रयोगलाई बढाएका छन । जसले गर्दा परियोजनाको प्रभाव सकारात्मक रुपमा पर्दै गएको छ । कार्यक्रम सञ्चालन पछि यस परियोजनाका गतिविधिहरुले सेवाग्राही सर्वसाधारणलाई स्थानीय निकायप्रति सकारात्मक भावना जागृत हुनुका साथै सामाजिक जवाफदेहिता अभिवृद्धिको लागि उनीहरुको सक्रिय भुमिका बढेको छ । साथै सार्वजनिक सुनुवाई, सार्बजनिक परीक्षणमा समेत सरोकारवालाहरुको रुची एवं सहभागीता बढेको र परिषद्हरुमा समेत नागरिक  सहभागीता बढदै गएको देखिन्छ ।

**२) निष्कर्श :**

कार्यक्रमले स्थानिय निकायहरुमा अनुगमन तथा सहजिकरणको माध्यमबाट स्थानिय निकायहरु तथा सेवाग्राही नागरिकहरुलाई आपसी निकटतम् सम्बन्ध स्थापित गर्नुका साथै सहयोगी संस्थाको रुपमा नागरीक समाज संस्थाले कार्यक्रमहरु गरेको हो भन्ने अनुभुति दिलाउने

गरि काम गर्दै आएको छ । स्थानिय निकायहरुसंगको समन्वयले गर्दा कार्यक्रम सञ्चालनमा सहयोग पुग्नका साथै कार्यक्रम उपलब्धिमूलक भएको बिश्वास लिएको छ ।

**३) सुझावहरु :**

सुशासन प्रवर्द्धनको क्षेत्रमा काम गर्नका लागि मन्त्रालय स्तर तथा साझेदार संस्थाहरु बिच अझ समन्वयको कमी रहेको पाईएको छ । सुशासन प्रवर्द्धनको लागि धेरै संघ संस्थाहरुले काम गरेता पनि कार्यक्रमहरुमा दाहोरो पन हुनु, केन्द्र तथा साझेदार संस्थाहरु बिच समन्वयको अभावले गर्दा लगानि अपेक्षित उपलब्धि प्राप्त हुन कठिनाई देखिन्छ । परियोजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा मन्त्रालय तथा अन्य निकायहरु बिच समन्वयभएमा थोरै लगानिमा धेरै उपलब्धिहर प्राप्त गर्न सकिने देखिन्छ ।

प्रतिवेदन तयारी :

हुकुमप्रसाद दाहाल

कार्यक्रम संयोजक,

जनहित असलश ासन क्लब

धनकुटा